धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धरान-१२, सुनसरी

**विद्यालयहरुको लेखापरीक्षण सम्वन्धमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखाको सूचना**

सूचना प्रकाशन भएको मितिः २०७६।०७।२६

यस उपमहानगरपालिका भित्र सञ्चालित विद्यालयहरुको आर्थिक वर्ष २०७४।०७५ र २०७५।७६ (२ वर्ष) को अन्तिम लेखापरीक्षण गर्नुपर्ने भएको हुँदा इच्छुक लेखापरीक्षकहरुले तपसिल अनुसारका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र धरान उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखामा निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**१ सामुदायिक विद्यालयको हकमाः**

(क) लेखापरीक्षकले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरुः

- चालु आर्थिक वर्षमा नविकरण भएको लेखापरीक्षण फर्म दर्ता प्रमाणपत्र ।
- लेखापरीक्षकको पेशागत प्रमाणपत्र ( COP ) ।
- आर्थिक वर्ष २०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र ।
- उपमहानगरपालिकामा रु ३००। वुझाएको नगदी रसिद ।
- विगतमा सामुदायिक विद्यालयमा लेखापरीक्षण गरेको अनुभवको संक्षिप्त विवरण ।
- Institute of Chartered Accounts, Nepal ( ICAN ) वाट कुनै पनि प्रकारको कार्यवाहीमा नपरेको स्वघोषणा
- कुनै विद्यालयमा स्वार्थ वाझिएको ( Conflict of interest ) भए त्यस्तो विद्यालयको नाम स्वघोषणा हुनुपर्ने

**२ संस्थागत तथा अन्य विद्यालयहरुको हकमाः**

सञ्चालित सवै कम्पनी तथा गुठीमा आवद्ध संस्थागत विद्यालयहरुले नियमानुसार अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन २०७६ साल मंसिर मसान्त सम्ममा अनिवार्य रुपमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नुपर्ने छ । तोकिएको मिति सम्ममा लेखापरीक्षण गराई प्रतिवेदन पेस नगर्ने संस्थागत विद्यालयलाई यसै सूचना अनुसार पेस भएका निवेदनहरुमध्येवाट त्यस्ता विद्यालयहरुको लेखापरीक्षक खटाउन सकिनेछ ।

रत्नबहादुर कटुवाल
उप-सचिव (प्रा)